# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या २, मिति २०८१ भदौ ०७ गते

**भाग-१**

**तिनाउ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## तिनाउ गाउँपालिकामा क्लिनिक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः स्थानिय तहहरुमा नेपालको संविधान २०७२ ले प्रदत्त गरेको स्वास्थ्य सम्वन्धी हकमा उल्लेख गरेको कुराहरुलाई कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी रहेको छ।हाल आएर नेपालमा स्वास्थ्य सम्वन्धी आधारभुत सेवा प्रदान गर्नका लागि प्रत्येक स्थानिय तहमा एक वटा आधारभुत अस्पताल तथा प्रत्येक वडाहरुमा एउटा आधारभुत स्वास्थ्य सेवा केन्द्रको अवधारणा पनि बनेको छ।तिनाउ गाउँपालिकाको जनताहरुलाई आधारभुत स्वास्थ्य सेवामा पहुँच पुर्याउनका लागि स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाई गरी १५ वटा स्वास्थ्य संस्थाबाट सेवा प्रवाह गरिदै आएको भएतापनि भौगोलिक जटिलता, छरिएर रहेका वस्तीहरु तथा स्वास्थ्यका विभिन्न सुचकहरुलाई मध्यनजर गरी सेवाग्राहीलाई अझ पायक पर्ने स्थानबाट क्लिनिक सञ्चालन गरी सेवामा पहुँच तथा गुणस्तर अभिवृद्धि गर्नका लागि तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७६ दफा ४ बमोजिम आवश्यक स्थानहरुमा क्लिनिक सञ्चालन गर्न यस कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम "तिनाउ गाउँपालिकामा क्लिनिक सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१" हुनेछ।

२) यो कार्यविधि स्विकृत भएको मिति देखि लागु हुनेछ।

२) परिभाषाः विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा,

१) "क्लिनिक" भन्नाले साप्ताहिक वा पाक्षिक वा मासिक रुपमा सञ्चालन हुने गाउँघर क्लिनिक वा पोषण क्लिनिक वा खोप क्लिनिकलाई जनाउने छ।

२) "सेवा" भन्नाले क्लिनिकमा दिईने स्वास्थ्य सेवालाई सम्झनुपर्नेछ।

३) "प्रोत्साहन" भन्नाले सम्वन्धित कार्य गर्नका लागि उत्प्रेरणा दिने वा सो कार्य गराउन अभिप्रेरित गर्ने कार्यलाई जनाउने छ।

४) "गाउँ कार्यपालिका कार्यालय" भन्नाले तिनाउ गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउने छ।

५) "यातायात खर्च" भन्नाले क्लिनिक सञ्चालन गर्न जान र फर्कनका लागि लाग्ने यातायात खर्चलाई जनाउनेछ।

६) "समिक्षा" भन्नाले क्लिनिकमा भए गरेका कार्यहरुको प्रगति, समस्या, चुनौतीहरु तथा कार्ययोजनाको प्रस्तुति तथा छलफल भन्ने बुझिनेछ।

७) "स्वास्थ्यकर्मी" भन्नाले तिनाउ गाउँपालिकाको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मचारीहरुलाई सम्झनुपर्नेछ।

८) "रिपोर्टिङ सेन्टर" भन्नाले मासिक रुपमा जिल्ला स्वास्थ्य सुचना प्रणालि २ मा तथ्यांक प्रवृष्टि गर्ने प्रत्येक वडाको स्वास्थ्य संस्थालाई बुझिनेछ।

९) "स्वास्थ्य संस्था" भन्नाले सम्वन्धित वडाको स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य सेवा केन्द्र वा सामुदायकि स्वास्थ्य इकाईलाई जनाउनेछ।

३) उद्देश्यः

१) तिनाउ गाउँपालिकामा क्लिनिकहरुलाई नियमित र व्यवस्थित रुपमा सञ्चालन गर्ने।

२) क्लिनकमा आवश्यक सामाग्रीहरुको नियमित परिपूर्ति गर्न।

४) कार्यक्रम विवरणः

रिपोर्टिङ सेन्टर व्यवस्थापन समितिले तोकेको संख्या, स्थान र मितीमा तिनाउ गाउँपालिकाको ६ वटै वडामा क्लिनिक सञ्चालन हुनेछ।

# परिच्छेद २

## सञ्चालन प्रक्रियाः

५) क्लिनिक सञ्चालन हुने संख्या, मिति र स्थानः

१) खोप क्लिनिकको संख्या, सञ्चालन हुने मिती र स्थान प्रत्येक आर्थिक वर्षको पहिलो महिनामा खोपको सुक्ष्म योजना तर्जुमाका लागि बसेको वडा खोप समन्वय समितीको वैठकले तय गर्नेछ।

२) पोषण क्लिनिकको संख्या, सञ्चालन हुने मिती र स्थान वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको वैठकले वा रिपोर्टिङ सेन्टरको स्वास्थ्य संस्था व्यवस्थापन समितीको निर्णय अनुसार हुनेछ।

३) गाउँघर क्लिनिकको संख्या, सञ्चालन हुने मिती र स्थान रिपोर्टिङ सेन्टरको स्वास्थ्य संस्था व्यवस्थापन समितीको निर्णय अनुसार हुनेछ।

४) क्लिनिको संख्या, सञ्चालन हुने मिती र स्थान परिवर्तन वा हटाउनु परेमा प्रत्येक आर्थिक वर्षको पहिलो महिनाबाट मात्र लागू हुने गरी गर्नुपर्ने छ।

**६) क्लिनिक सञ्चालन प्रक्रियाः**

१) क्लिनिक सञ्चालन सम्वन्धित वडाको स्वास्थ्य संस्थाबाट गरिनेछ।

२) क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुको संख्या आवश्यकताको आधारमा सम्वन्धित वडाको रिपोर्टिङ सेन्टरले व्यवस्थापन गर्नेछ।

३) क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुलाई प्रति क्लिनिक प्रति व्यक्ती अधिकतम रु ५०० (पाच सय) सम्म यातायात खर्च उपलब्ध गराईनेछ।

४) क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुको लागि आवश्यक बजेट अपुग भएको स्थितिमा माथि जुनसुकै कुरा उल्लेख गरेको भएतापनि प्रति क्लिनिक एक जना स्वास्थ्यकर्मीलाई मात्र यातायात खर्च उपलब्ध गराईनेछ।

५) स्वास्थ्य संस्था वा आसपासमा सञ्चालन हुने क्लिनिकको हकमा सम्वन्धित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई यातायात खर्च उपलब्ध गराईने छैन।

### ७) क्लिनिकको व्यवस्थापनः

१) गाउँघर क्लिनिक र पोषण क्लिनिकको सञ्चालन तथा व्यवस्थापन रिपोर्टिङ सेन्टरको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले वा सो समितिले तोकेको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समिति वा सो समितिको निर्णयको आधारमा छुट्टै क्लिनिक सञ्चालन तथा व्यवस्थापन समिती निर्माण गरी गर्न सक्नेछ।

२) क्लिनिक सञ्चालन तथा व्यवस्थापन समितीको निर्माण अनुसुचि १ बमोजिमको हुनेछ।

३) क्लिनिक सञ्चालन तथा व्यवस्थापन समितीको काम, कर्तव्य र अधिकार अनुसुचि २ बमोजिमको हुनेछ।

४) क्लिनिकको कार्य प्रगति समिक्षा अर्धवार्षिक रुपमा रिपोर्टिङ सेन्टर रहेको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिती समक्ष गर्नुपर्नेछ।

५) क्लिनिक सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार, सामाग्रीहरु लगायतको व्यवस्थापनका लागि समन्वय गर्ने जिम्मेवारी रिपोर्टिङ सेन्टरको सञ्चालन तथा व्यवस्थापन समितीको हुनेछ।

## परिच्छेद ३

## अनुगमन, मुल्यांकन, प्रतिवेदन तथा अभिलेख व्यवस्थापन

**८) अनुगमन, मुल्यांकन, प्रतिवेदन तथा अभिलेख व्यवस्थापनः**

१) खोप क्लिनिकको प्रतिवेदन अनुसुचि ३ बमोजिम, पोषण र गाउँघर क्लिनिकको प्रतिवेदन अनुसुचि ४ बमोजिम निर्माण गर्नुपर्नेछ साथै एक प्रति सम्वन्धित रिपोर्टिङ सेन्टरमै रहने गरी एक प्रति सक्कलै यातायात भुक्तानी माग गर्दा संलग्न गरी पेश गर्नुपर्नेछ।

२) यातायात भुक्तानी माग गर्दा सम्वन्धित वडा वा रिपोर्टिङ सेन्टर सञ्चालन वा व्यवस्थापन समितीले क्लिनिक सञ्चालन भएको प्रमाणित गर्नुपर्नेछ।

३) खोप क्लिनिकको अभिलेख एच.एम.आई.एस. २.२ को खोप रजिष्टरमा, पोषण क्लिनिकको अभिलेख एच.एम.आई.एस. २.३ को दुई बर्ष मुनिका बालबालिकाहरुको पोषण रजिष्टर तथा गाउँघर क्लिनिकको अभिलेख एच.एम.आई.एस. ४.१ गाउँघर क्लिनिक रजिष्टर अनुसार गर्नुपर्नेछ।

४) क्लिनिक सञ्चालनको अनुगमन तथा मुल्यांकन क्लिनिक सञ्चालन तथा व्यवस्थापन समिती, रिपोर्टिङ सेन्टर सञ्चालन तथा व्यवस्थापन समिति वा आवश्यकता अनुसार खटाईएको अन्य व्यक्ती वा निकायले पनि गर्न सक्नेछ।

# परिच्छेद ४
## विविधः

९) **आर्थिक पक्षः** (क) यस कार्यविधि अनुसार सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष तिनाउ गाउँपालिकाबाट विनियोजित बजेट वा अन्य निकायबाट विनियोजित व्यवस्था बमोजिम हुनेछ।

१०) **गुनासो वा उजुरीः** (क) यस कार्यक्रमसँग सम्वन्धित कुनै किसिमको गुनासो वा उजुरी आएमा रिपोर्टिङ सेन्टर सञ्चालन तथा व्यवस्थापन समिती वा तिनाउ गाउँ कार्यपालिका वा सम्वन्धित निकायले व्यवस्थापन गर्नेछ।

११) **व्याख्या तथा संशोधनः** (क) यस कार्यविधिका बुँदाहरुलाई संशोधन वा थपघट गर्ने अधिकार तिनाउ गाउँ कार्यपालिकामा मात्र निहित हुनेछ।

**अनुसुचि १**

**(कार्यविधिको परिच्छेद २, नियम ७ बुदा (२) सँग सम्वन्धित)**

**क्लिनिक सञ्चालन तथा व्यवस्थापन समिती**

१) संरक्षक — सम्वन्धित स्थानिय तहको अध्यक्ष/प्रमुख
२) अध्यक्ष — सम्वन्धित वडाको अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य
३) सदस्य — सम्वन्धित स्थानको स्वास्थ्य आमा समुहको अध्यक्ष वा प्रतिनिधि १जना
४) सदस्य — सम्वन्धित स्थानको स्वास्थ्य स्वयमंसेविका १ जना
५) सदस्य — अध्यक्षले तोकेको विभिन्न संघ संस्थाको प्रतिनिधि २ जना
६) सदस्य — किशोर किशोरी मध्ये १ जना
७) सदस्य सचिव-सम्वन्धित वडाको रिपोर्टिङ सेन्टरको इन्चार्ज वा तोकेको स्वास्थ्यकर्मी १ जना

**अनुसुचि २**

**(कार्यविधिको परिच्छेद २, नियम ७ बुदा (३) सँग सम्वन्धित)**

**क्लिनिक सञ्चालन तथा व्यवस्थापन समितीको काम, कर्तव्य र अधिकार**

१. कम्तिमा ३ महिनामा एक पटक अनिवार्य रुपमा बैठक बसी कार्यक्रमको समिक्षा, जनस्वास्थ्य कार्यक्रम तथ स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने।
२. क्लिनिक सञ्चालनमा सुदृढिकरण तथा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने।
३. क्लिनिकको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने।साथै थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने।
४. क्लिनिकको सञ्चालनको लागि भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित योजना बनाउन पहल गर्ने।
५. क्लिनिकको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने।

६. क्लिनिकको सेवाबाट वञ्चित स्थानिय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने।

## अनुसुचि ३
## (कार्यविधिको परिच्छेद ३, नियम ८ बुदा (१) सँग सम्वन्धित)
## खोप क्लिनिकको प्रतिवेदन

खोप कार्यकर्ताको नामः                खोप सञ्चालन मितिः

दस्तखतः

| क्र स | खोपको नाम | यस सेसनमा खोप लगाउनु पर्ने संख्या | यस सेसनमा खोप लगाएको संख्या | लक्ष्य नपुगेको भए कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुचि ४
## (कार्यविधिको परिच्छेद ३, नियम ८ बुदा (१) सँग सम्वन्धित)
## पोषण र गाउँघर क्लिनिकको प्रतिवेदन

सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाः                सेवा दिएको महिनाः

सेवा दिने व्यक्तिको नाम, पद र दस्तखतः १)                २)

| क्र स | सेवा दिएको स्थाना | मिति | डिपो | पिल्स | आईरन चक्की | गर्भवति जाँच | प्रसुति जाच | नवजात शिशु | तौल अनुगमन | कण्डम वितरण | अन्य सेवा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पेश गर्नेः                प्रमाणित गर्ने

नामः                नामः

पदः                पदः

प्रमाणित मिति २०८१।०५।०६

लेख बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

तिनाउ गाउँपालिका दोभान पाल्पा